# गाउँ सभाको बैठकमा २०७५ साल आषाढ १० गते

# आईतवार

# उपाध्यक्ष श्री हिमाली रोकायाले

# पस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७५/ ०७६ को बजेट वक्तब्य

# हिमा गांउपालिका, जुम्ला

# २०७५

## उपस्थित सदस्य महानुभावहरु,

यस गाउंपालिकाको निमन्त्रणालाई स्वीकार गरी सभाको बैठकमा उपस्थित हुन हुने सभाका सम्पुर्ण सदस्यज्यू हरुलाई हिमा गाउंपालिका, जुम्ला र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवम् साँस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न एवं आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्नका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति म भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

आगामी आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको मशुस गरेको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान, २०७२ जारी भई स्थानीय तहको गठन भएको र निर्वाचन समेत भएर जन निर्वाचित प्रतिनिधिको पद वहाली भएको एक वर्ष व्यतित भई सकेको व्यहोरा अवगत गराउन चाहान्छु । **"समृद्ध नेपाल, सुखी नेपाली"** को अवधारणालाई पुरा गर्न जिल्लाका योजनाहरु पहिचान एवम् छनौट गर्दा नेपालको संविधान, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन, जिल्लाको आवधिक योजना, जिल्ला यातायात गुरुयोजना, विभिन्न नीति निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवम् कार्ययोजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूची अनुरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानिय सरकार संचालन ऐनमा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउंपालिका भित्र उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट छनौट तथा प्राथमिकिकरणमा परेका योजना

तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्वीत संझेको छु ।

जुम्ला जिल्लाको यस गाउंपालिका विभिन्न जातिय विविधता ,खस भाषाको उदगम् स्थल लगायत विभिन्न भाषिक, साँस्कृतिक एवम् प्राकृतिक र पर्यटकीय संभाव्यता सहित विकासको प्रचुर सम्भावना बोकेको स्थल हो । समग्र जिल्लाको विकास प्रयासलाई सार्थक र परिणाममूखी तुल्याउन वित्तीय हस्तान्तरणमा परेका विभिन्न कार्यक्रमहरुलाई प्रभावकारी रुपमा परिचालन गर्नु नितान्त आवश्यक देखिन्छ । यसै गरी विभिन्न गैर सरकारी संघ संस्था, नागरिक समाज, स्थानीय समुदायहरुले समेतले विकासमा सक्रियतापूर्वक सहकार्य गर्दै आइरहेका छन् । यस क्षेत्रमा भएका राजनैतिक दल एवम् जिल्लाबाट व्यवस्थापिका संसदमा र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सभासद एवं मन्त्रीज्यूहरु लगायत समस्त वासिन्दाको विकास कार्यमा हुने ऐक्यबद्धताले हामीलाई कार्य सञ्चालनमा महत्वपूर्ण हौसला मिलेको व्यहोरा अवगत गराउन चाहन्छु ।

नेपालको संविधान २०७२, जारी भए पश्चात नेपाल संघीय गणतन्त्रतात्मक राज्यको रुपमा परिचित भईरहेको बर्तमान अवस्थामा दश जिल्लाहरु समेटिएको यस प्रदेशको नामाकरण भई **“कर्णाली”** प्रदेश कायम भएको र प्रादेशीक राज्यको राजधानी सुर्खेत कायम भईसकेको अवस्थामा सो अनुरुप जुम्ला जिल्लाका विभिन्न आठ स्थानिय तहहरुमध्ये यस हिमा गांउपालिकाले पनि आफ्नो विकास प्रक्रियालाई तिब्रता दिई आवश्यक भौतिक पूर्वाधारको विकास र विकासका सवै आयामहरुलाई समेटी जनताको जीवनस्तर सुधार गर्ने र गरीवि निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टडकारो रुपमा देखिएको छ । गाउंपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनलाई एकीकृत गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा

प्रवाह र जनसहभागिता परिचालनवाट विकास निर्माण कार्य अगाडी वढाउन हामी प्रतिबद्ध छौ । विकास प्रक्रिया जनमुखी, पारदर्शी, समतामूलक सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हुँदा हुदै पनि आन्तरिक श्रोतको न्यून परिचालन हुनु, खेती योग्य जमीनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, गैर सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासंग तालमेल मिलाउदै कार्यान्वयन गर्न नसक्नु, योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामुखी र वस्तुपरक हुन नसक्नु, समुदाय र वडाबाट माग गरिने योजना अत्यधिक हुनु, उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्न नसक्नु, जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन (National Grid) जिल्ला सम्म नजोडिनु, गुणस्तरीय शिक्षा तथा संचारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु, तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु, स्थानीय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु र कर्मचारीहरुमा समेत व्यवसायिकताको विकास हुन नसक्नु जस्ता समस्या एवम् चुनौतीहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु स्पष्ट रुपमा रहेको छ ।

**उपस्थित महानुभावहरु**

अव म गांउपालिकाको समग्र स्थितिको वारेमा जानकारी गराउन चाहन्छु ।

(क) गत वर्ष स्थानिय निर्वाचन सम्पन्न भई पद वहाली गर्दा आर्थिक वर्षको अन्त्य हुन लागेको अवस्था थियो । समय र प्रयाप्त अनुभवको कमिले हामीले सांघुरो समयको घेराको बाबजुद नीति तथा कार्यक्रम एवं वजेट प्रश्तुत गरेका थियौं ।

(ख) राज्यको नंया संरचना एवं कतिपय आधार एवं प्राथमिकता हरुलाई ध्यान दिंदा दिदैं पनि सवै क्षेत्रहरु समेट्न गाह्रो परेको अवस्था थियो ।

(ग) चालु आ.व. मा छनौटभई संचालित योजनाहरु कार्यान्वयनको क्रममा रहेका र उक्त योजनाहरु पूर्ण हुंदा गांउ पालिकाको सडक संजालको

विकास, खानेपानी, सिंचाई, जलविधुत लगायत भौतिक पूर्वाधार र आर्थिक सामाजिक क्षेत्रमा उल्लेख्य प्रगती हुने अनुमान गरिएको छ ।

(घ) आर्थिक एवं भौतिक प्रगतीको अवस्था देखिने गरी अनुसूचिमा व्यवस्थित गरिएको र राजस्व अनुमानको नजिक असुल उपर हुने संसोधित अनुमान छ ।

**वजेटका उद्देश्यहरु**

सिमित श्रोत साधनहरुलाई अधिकतम परिचालन गर्ने र  गांउपालिकाको समग्र विकासमा देखिने परिणाम आउने गरी आगामी आ.व. २०७५/०७६ को वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन् ।

(क) विकासका सवै आयामहरुलाई समेट्ने गरी योजना छनौट र वजेट कार्यान्वयन,

(ख) छनौट भएका योजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको संयन्त्र निर्माण एवं अनुगमन/मूल्याङकन,

(ग) जनताको जीवनस्तर, आम्दानी र अवसरहरु सिर्जना गर्ने,

## उपस्थित महानुभावहरु,

म अब चालु आ.व.२०७४/०७५ को ०७५ जेष्ठ मसान्त सम्म हिमा गाउंपालिका, जुम्ला, एवम् विभिन्न गै.स.स.बाट भएको वित्तिय तथा भौतिक प्रगति संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

**वित्तिय प्रगति तर्फ :**

**चालु आ.व. २०७४/७५  मा गांउपालिका तर्फ :** चालु तर्फ रु २  करोड २१ लाख ५२ हजार र पुँजिगत तर्फ रु  ९ करोंड ९० लाख ७४ हजार गरी जम्मा रु.१२ करोड.रु १२ लाख रु.२६ हजार र सशर्त अनुदान तर्फ रु ५ करोड रु ८५ लाख रु ९६ हजार गरी जम्मा रु १७ करोड रु ९८ लाख रु २२ हजार  बजेट विनियोजन भएकोमा २०७५ जेष्ठ मसान्तसम्म चालु तर्फ रु  करोड रु. ९०  लाख रु ४५ हजार र रु १ सय ४१ र पुंजिगत तर्फ रु ५ करोड रु. ८८ लाख रु. ८५ हजार र रु. ६ सय ८५ र शशर्त तर्फ ३

करोड ९२ लाख ७ हजार ३ सय २८ गरी जम्मा रु. १० करोड रु. ७१ लाख रु ३८ हजार रु १ सय ५४ खर्च भई बार्षिक विनियोजनको ५९.५८ प्रतिशत मात्र खर्च भएको छ ।

गत आ.व. २०७४/०७५ मा पूजिगत र चालु तर्फ विभिन्न योजना/आयोजनाको लागि र प्रशासनिक खर्च तर्फ छुट्याईएको रकमको वित्तिय र भौतिक प्रगति देखिने गरी विनियोजन ऐनको **अनुसूचि– १** मा प्रश्तुत गरिएको छ ।

**उपस्थित महानुभावहरु :**

**अब म आगामी आ.व. ०७५/०७६ का लागि प्रमुख केही नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।**

**प्रमुख नीतिहरु :**

१. विगतमा लिईएका नीति तथा रणनीति र कार्यनीतिहरुलाई केही परिमार्जन सहित निरन्तरता दिईने छ ।
२. विकास प्रक्रियालाई अगाडी वढाउन आन्तरिक श्रोत परिचालन आवश्यक भएकोले करको दायरामा समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र आगामी आ.व. २०७५/०७६ को श्रावण १ गते देखि **"एकिकृत सम्पत्ति कर"** कार्यान्वयनमा ल्याईने छ ।
३. स्थानीय तहको गठन पश्चात गत वर्ष मात्र भएको स्थानीय तहको निर्वाचित जन प्रतिनिधिहरुको वहाली भएको र कार्य अनुभव एवं गत आ.व. २०७४/०७५ को वजेट विनियोजनमा ४ वटा वडा कार्यालयहरु निर्माणको लागि वोलपत्र भई बहुवर्षिय ठेक्का संभ्कौता सम्पन्न भएको र निर्माणको चरणमा रहेको ब्यहोरा अवगत गरांउदै प्रतिनिधिहरुको राय / सुभ्काव अनुरुप आगामी आ.व. २०७५/०७६ मा संघीय सरकारको नीति वमोजिम स्थानिय सरकारको लागत साभ्केदारी एवं जिल्ला समन्वय समितिमा निष्क्रीय रहेको रकम लगानी गर्न पहल गरी वांकी वडा कार्यालयहरु र गाउंपालिकाको कार्यालय भवन यथासिघ्र निमार्ण गरी

सेवा संचालनमा ल्याउन आवश्यक पहल गरिने र सो को लागि बजेट विनियोजन गरिएको छ ।

४. उर्जा संकटलाई सामाधान गर्न ठूला विद्युत आयोजनाका लागि सम्भाब्यता अध्ययन कार्यक्रमलाई आवश्यक पहल गरिनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन (National Grid) लाई जुम्ला जिल्ला सम्म विस्तार गर्नका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिएको र आगामी आ.व.मा पनि यस प्रयासलाई अन्य स्थानिय तह समेतको प्रयासमा निरन्तरता दिईने छ ।

५. उर्जा संकटलाई सामाधान गर्न हाल मात्र उर्जा मन्त्रालयमा ५ मेगावाट विद्युत निर्माणका लागि सम्भाब्यता अध्ययन कार्यक्रमलाई आवश्यक पहल गरिने  साथै राष्ट्रिय विद्युत प्रसारणलाई विस्तार गर्नका लागि आवश्यक पहल गरिने छ ।

६. वजार क्षेत्रको विकास गर्न तथा व्यवस्थित शहर विकास गर्न र एकिकृत वस्ती विकास गर्न व्यवस्थित गुरु योजना, भू उपयोग योजना लगायतको नीति अबलम्बन गरिने प्रक्रियालाई निरन्तरता दिईने छ ।

७. स्थानीय बालीलाई संरक्षण र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकीकरण र व्यवसायीकीकरण गर्दै कृषिमा आत्मनिर्भर बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय फलफूल उत्पादन र प्रमाणीकरण गर्न आवश्यक पहल गरिने छ । यसका लागि स्याउ, सिमी, स्याउ सुकट्टी, साना सिंचाई, सडक, सहुलियत ऋण तथा अनुदान, समूह, सहकारी जस्ता ८ 'स' लाई मिसनकोरुपमा आगाडी बढाईने छ । साथै तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई वढावा दिईने छ ।

८. खानेपानी संकटलाई सामाधान गर्न चालु आ.व. २०७४/०७५ मा प्रयाप्त वजेट विनियोजन भई योजनाहरु कार्यान्वयन चरणमा रहेको सन्दर्भमा आगामी आ.व. २०७५/०७६ मा सम्बन्धित निकायहरुलाई आवश्यक परिचालन गरी खानेपानी तथा सरसफाई कोष स्थापना र परिचालन गरिने छ । वृहत खानेपानी योजना अन्तर्गत वडा नं ४ र ५

लाई समेट्ने गरी प्रदेश सरकार मार्फत कार्यान्वयन गर्न पहल गरिने छ । बेरोजगारी समस्यालाई समाधानको लागि स्थापना भएको रोजगार कोषलाई प्रभावकारी बनाई सञ्चालन गरिने छ ।

९. पर्यटकीय गन्तब्यको रुपमा पहिचान गर्न पर्यटकीय पूर्वाधार विकासको लागि पर्यटकीय पदमार्ग विभिन्न पर्यटकीय स्थलको सम्भाब्यता अध्ययन, पहिचान तथा संरक्षण, होमस्टे विकासका लागि विशेष पहल गरिने छ ।

१०. संचार क्षेत्रको सुदृढीकरण गर्न यस क्षेत्र भरी संचार क्षेत्रलाई अझ बढी प्रभावकारी बनाउन चालु आ.व.मा मोवाईल सेवा संचालनको लागि एनसेल संग पत्राचार गरी पहल गरिएको र नेपाल टेलीकम, नेपाल टेलीभिजनहरुसंग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

११. पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान संरक्षण गर्ने एवम् खस भाषा पुनरुत्थानमा जोड दिईने कार्यलाई निरन्तरता दिईने छ ।

१२. नेपालको संविधान २०७२, अनुरुप नेपाल संघीय राज्य प्रणालीमा रुपान्तरण भई सकेको अवस्थामा प्रदेशको नामाकरण **कर्णाली प्रदेश** भएको र प्रदेश राजधानी **सुर्खेत** कायम भई सकेको अवस्थामा सो अनुरुप विकास गर्न अन्य जिल्लामा पहुँच बृद्धी गरी सडक संजाल, संचार, विद्युत लगायतको पूर्वाधार विकास निर्माणमा जोड दिईनेछ ।

१३. "युवा विकासका सम्बाहक हुन्" भन्ने मान्यतालाई आधार मानी समग्रमा युवा क्षेत्रको विकासको लागि सरकारी तथा गैससहरुको समन्वय तथा सहकार्यमा नेतृत्व विकास, सीपमूलक तथा रोजगारी मूलक,संचार सम्बन्धि तालीमहरु संचालनको लागि कार्य अगाडि बढाइने कार्यलाई निरन्तरता दिईने छ ।

१४. बाल मैत्री जिल्लाको रुपमा परिचित गराउन आवश्यक प्रक्रिया शुरु भएकोमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नीति अनुरुप बालमैत्री स्थानीय शासनलाई जिल्ला व्यापी

रुपमा अगाडि अढाउन बालमैत्री गाउंपालिका घोषणा प्रकृयालाई अगाडि बढाइने छ ।

१५. खेलकुद क्षेत्रको प्रचुर सम्भावना रहेर पनि अपेक्षित रुपमा खेलकुद क्षेत्रको विकास हुन सकिरहेको छैन । यस अवस्थामा खेलकुदको व्यवसायीकरणमा जोड दिई गुणस्तरीय खेलाडीको विकासमा विशेष ध्यान दिइ बजेट विनियोजन गरिनेछ ।

१६. सूचना प्रविधिको प्रयोग, पहुंच र विस्तार गर्न सवै सरकारी निकाय र उच्च मा.वि हरुमा सूचना संजाल संयन्त्र निर्माण र सूचना प्रविधिको पूर्वाधार विकासमा जोड दिइनेछ ।

१७. जिल्लामा ऊर्जा संकटको अवस्था देखिएकाले जिल्लाका लघु जलविद्युतहरु क्षमता विस्तार र नयाँ जल विद्युत स्थापना गर्न पहल गरिनेछ ।

१८. लघु जलविद्युत निर्माण गर्न वित्तिय व्स्थापनमा वैकल्पिक ऊर्जा क्षेत्र सहयोग कार्यक्रममार्फत प्राप्त अनुदानको उल्लेख्य सहयोग रहेता पनि निर्माण आयोजनाको कूल लागत र भौगोलिक विकटताले गर्दा सो रकम ज्यादै अपर्याप्त हुने गरेका कारण समूदायलाई बाँकी रकम व्यवस्थापन गर्न ज्यादै कठिन भैरहेको छ । अतः विद्यमान अनुदान नीतिमा तत्काल परिमार्जन गरी ९० प्रतिशत अनुदानका लागि सम्बन्धित निकायमा विशेष पहल गरिने छ ।

१९. जिल्लामा जलविधुतको संचालन गर्नु पूर्व अनुमति लिदा जिल्ला जलश्रोत समितिबाट लिनु पर्ने व्यवस्था भएको र १०० कि.वा. भन्दा माथि विधुत बिकास विभागबाट अनुमति लिनुपर्ने प्रावधानले बिधुत बिकासको लागि खर्चीलो र झन्झटीलो हुने साथै समयमा आयोजना संचालन गर्न कठिनाई पर्ने हुदा १ मेगावाट मुनिका आयोजनाका लागि अनुमति जिल्ला जलश्रोत समितिबाट नै दिने ब्यवस्थाको लागि नेपाल सरकार संग पहल गरिनेछ ।

२०. पर्यटन प्रर्वद्धन तथा पूर्वाधार विकासमा निजी क्षेत्र उद्योग वाणिज्यसंघ, क्षेत्रीय होटल व्यवसायी संघ, (Travel Agent Association Nepal

(TAN)सरकारी तथा गैर सरकारी निकायलाई प्रभावकारी परिचालनको नीति ल्याईने छ ।

२१. शुसाशन तथा सूचनाको हकलाई प्रभावकारी वनाउन संचारका साधनहरुको अधिकतम प्रयोग गरी ३/३ महिनामा अनिवार्य प्रकाशन गर्नुपर्ने विवरणहरु सार्वजनिक तथा सेवा प्रभाहलाई प्रभावकारी बनाउन पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, घुम्तीसेवा लगायतका कार्यहरु कार्यन्वयन गर्ने नीति लाई निरन्तरता दिईनेछ ।

२२. आयात प्रतिस्थापन गर्न यस क्षेत्रमा लघु, घरेलु तथा साना उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरी संचालनमा रहेका उद्योगहरुलाई बढवा दिन प्रोत्साहित गर्नुका साथै करछुट प्रणालीलाई पहल गरिने छ

२३. बालविवाह एक समस्याका रुपमा रहेकोले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासन समेतको सहयोगमा यस्ता सामाजिक बिकृती रोक्ने जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । साथै स्थानीय स्तरमा गठन भएका लैंगिक हिंसा न्यूनीकरण निगरानी समूहको सक्रियता र क्षमतामा वृद्धि गरिने नीति लाई निरन्तरता दिईने छ ।

२४. सामाजिक सुरक्षा कार्यक्रम तर्फ बाल अनुदान, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक, लोपोन्मुख जातिहरुको भत्ता वितरणकार्यलाई बैंकिङ प्रणाली मार्फत कार्यान्वयन ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाईसकिएको सन्दर्भमा सो को कार्यान्यिन गरिने छ ।

२५. वर्तमान शहरोन्मुख बजारलाई व्यवस्थित बजारको रुपमा विकास गर्न आगामी दिनमा नयाँ भवन निर्माण ,सडक, बाटो,फोहोर मैला, ढल निर्माण गर्दा यस्ता संरचनाहरुको दिगो तथा प्रभावकारी व्यवस्थापनको लागि सो क्षेत्रसंग सम्बन्धित् सवै पक्षको व्यापक सहभागितामा कार्यान्वयन तथा व्यवस्थापनको कार्य अगाडि बढाउन सरोकारवाला निकाय नगरपालिका, सडक विभाग र भवन विभागसँग समन्वय गर्ने काम भई रहेको सन्दर्भमा सो प्रक्रियालाई आगामी आ.व.मा पनि निरन्तरता दिईने छ ।

२६. DTMP मा रहेका सडकहरुलाई स्तरवृद्धी गरी All weather बनाउन आवश्यकता अनुरुप ममर्त सुधार गर्ने र DTMP Update गरी थप आर्थिक केन्द्र जोडने सडक पहिचान गरी कार्यन्वयनमा ल्याउने नीति लाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।

२७. खानेपानी आयोजनासंग सम्बन्धित उपभोक्ता समितिहरुलाई जलश्रोत ऐन, अनुसार अनिवार्य रुपमा जिल्ला जलश्रोत समितिमा दर्ता गराउने पहल गरिनुका साथै खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको संस्थागत व्यवस्थालाई सुदृढ गर्नको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति महासंघमा आवद्धता हुने प्रक्रियालाई प्राथमिकताका साथ अगाडि बढाउने प्रक्रियालाई निरन्तरता दिईने छ ।

२८. स्वचछ खानेपानी सम्वनधमा “मुहान देखि घर सम्म”सरसफाई अभियान कार्यक्रम, दिगो खानेपानी तथा सरसफाईको हक” सम्वन्धी जानकारी मूलक कार्यक्रम गैरसरकारी स्स्थाहरुको पहलमा सम्पादन गरिने छ ।

२९. २०७२ सालमा गएको विनाशकारी महाभुकम्पीय जोखिमलाई मध्य नजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन, २०७२ लाई सार्वजनिक तथा नीजि भवनहरुमा अनिवार्य रुपमा लागु गरिने तर्फ पहल गरिने छ ।

३०. खानेपानी आयोजनालाई दिगोरुपमा संचालनको लागि नीजि धाराको अवधारणालाई अबलम्बन गर्दै सार्वजनिक धारालाई निरुत्साहित गर्नुका साथै महसुलको व्यवस्था गर्दै लगिने तर्फ आवश्यक पहल गरिने छ ।

३१. संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) मार्फत अनुगमन गर्ने परिपाटीलाई थप प्रभावकारी गरिनेछ । साथै सम्पन्न सवै आयोजना / कार्यक्रम र निकायबाट प्रवाह हुने सेवा सम्बन्धमा सार्वजनिक सुनुवाई गर्ने गराउने परिपाटीलाई संस्थागत गरिनेछ ।

३२. यस क्षेत्र भित्र सञ्चालित कार्यक्रमहरुलाई प्रभावकारी ढंगले संचालन गर्न विकास साझेदारहरुसंग समन्वय गरी नतिजामूखी र परिणाममुखी बनाउन सुपरीवेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

३३. कुनै पनि स्थानमा एक पटक आयोजना संचालन गरी सकेपछि सो स्थानमा पुनः सोही प्रकृतिका आयोजना संचालन नगर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

३४. यस क्षेत्रमा रहेका यूवाहरुको विकासलाई प्रभावकारी तुल्याउन यूवा प्रोफाइल तयार गर्नको लागि यस क्षेत्रमा कार्यरत संघ सस्थाहरु संग मिलेर कार्य थालनी गरिनेछ ।

३५. अधुरा रहेका विद्युत आयोजना सम्पन्न गर्न र नयाँ स्वीकृत हुने आयोजनाहरु सम्पन्न हुने गरी बजेट व्यवस्था गर्न बैकल्पिक उर्जा प्रर्वधन केन्द्र र जनताको विद्युत कार्यक्रममा आवश्यक पहल गर्ने र सम्पन्न भएका विद्युत आयोजनाहरुको न्यूनतम २ वर्ष सम्म मर्मत सम्भारको उत्तरदायित्व सम्बन्धित निकायबाटै हुने व्यवस्था मिलाउन पहल गरिने छ ।

३६. विकासमा सक्रिय साझेदारी एवम् सहभागि हुने जिल्ला स्थित गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, दातृ निकायबाट हुने विकास निर्माणका कार्यहरुलाई एकद्वार प्रणाली (One Door System)अर्न्तगत गाउंपालिकाको स्वीकृती लिएर मात्र संचालन गर्ने गराउने व्यवस्था मिलाइ सकिएको र सो प्रक्रियालाई आगामी आ.व.मा पनि निरन्तरता दिईने छ ।

३७. यस क्षेत्रमा कार्यरत गै.स.स.लाई प्रभावकारीरुपमा संचालनको लागि NGO Desk स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

३८. सम्पन्न भएका भौतिक संरचना हरुलाई उपभोक्ता समिति/समूदायलाई हस्तान्तरण गर्ने परिपाटीलाई बढावा दिई सार्वजनिक विकासमा आफ्नो पनको भावनाको विकास गराउने कुरामा जोड दिईने छ ।

३९. प्रमुख नीतिमा वाचन गर्न छुट भएका नीतिहरुलाई सम्बन्धित विषयगत नीतिहरुमा समावेश गरिएको छ ।

४०. आर्थिक ऐन,२०७५ र विनियोजन ऐन, २०७५ स्वीकृतिको लागि यस सभामा पेश भैसकेका छन ।

**उपस्थित महानुभावहरु,**

अब म यस हिमा गा.पा.को आगामी आ.व. ०७५/०७६ को प्रस्तावित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

माथि उल्लेखित विभिन्न नीति तथा कार्यक्रम संचालन एवम् कार्यान्वयन गर्न,

**गाउंपालिका तर्फ** : वित्तीय समानीकरण तर्फ रु ८ करोड रु २१ लाख रु ४७ हजार (संघिय समानिकरण र प्रदेश समानिकरण समेत) सशर्त अनुदान तर्फ रु ८ करोड रु ३६ लाख र संघीय राजश्व वांडफांडवाट प्राप्त हुने रु ४ करोड २६ लाख ६५ हजार, प्रदेश राजश्व वांडफांडवाट प्राप्त हुने रु २ लाख ८ हजार एवं स्थानिय राजश्व संकलनवाट प्राप्त हुने अनुमानित रकम रु १५,००,०००। समेत रु २१,०१,२०,०००। (अक्षरुपी एकाइस करोड एक लाख वीस हजार) खर्चको लागि प्रस्ताव गरेको छु । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका केही हस्तान्तरण भई आउने कार्यक्रमहरु र प्रदेश सरकार एवं अन्य विषयगत मन्त्रालयहरुबाट हस्तान्तरण भई आउने कार्यक्रमहरु तथा विभिन्न गैसस र दातृ निकायहरुबाट प्राप्त हुने कार्यक्रमहरु वस्ती स्तरबाट प्राथमिकिरण भई आएका र सभाले निर्णय गरेका कार्यक्रमहरुमा लगानी गरी कार्यान्वयनमा ल्याइने छ ।

आगामी आ.व. २०७५/०७६ मा वित्तिय समानिकरण अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजश्व संकलनवाट प्राप्त हुने रकम समेतको वस्ती एवं वडा स्तरवाट छनौटभई आएका योजना/कार्यक्रमहरुको पूंजिगत खर्च तर्फको विवरण गांउ कार्यपालिकावाट सिफारिस भए वमोजिम **अनुसूचि– २** मा समावेश गरिएको छ । वित्तिय समानिकरण अनुदानवाट प्राप्त हुने रकम मध्येवाट गरी जम्मा रकम रु ३,१५,६९,०००। चालु (तलव

भत्ता लगायत कार्यालय संचालन) तर्फ वांडफांड गरी सो को विवरण **अनूसुचि–३** मा राखिएको छ ।

आगामी आ.व.मा यस गा.पा.मा लगानी गरी विकास निर्माणमा सहयोग पुर्‍याउने गैर सरकारी सामाजिक संघ संस्थाहरुको प्राप्त निवेदन एवं सूचि वमोजिमको कार्य प्रक्रियालाई सहजिकरण गर्न गा.पा.को वार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी कार्य अगाडी वढाईने छ । यस्था संघ संस्था र लगानी गर्ने योजना र सो को वजेट **अनुसूचि– ४** मा समावेश गरिएको छ ।

त्यस्तै गरी,

अन्त्यमा, यस क्षेत्रको विकास निर्माण लगायत हरेक गतिविधिहरुमा सक्रिय सहभागी भई सहयोग गर्नुहुने पदाधिकारी, सबै राजनीतिक दलहरु, विकास प्रेमी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरु, राय सुझाव दिने बासिन्दाका साथै कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

यसै गरी यस क्षेत्रको समष्टिगत विकासका लागि सहयोग पुऱ्याउनु हुने नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार , राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, राजनैतिक दलहरु, दातृ निकायहरु, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी, बुद्धिजिवी, पत्रकार र सम्पूर्ण नागरिकहरुप्रति धन्यवाद दिंदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा समेत गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

धन्यवाद ।

**आईतवार, १० आषाढ २०७५**
**हिमाली रोकाया**
**उपाध्यक्ष**

**हिमा गाउंपालिका, जुम्ला**

# अनुसूची–१

## आ.व.२०७४/०७५ पुंजिगत तर्फको आम्दानी र खर्चको विवरण

जेष्ठ महिना सम्म

| क्र.स | योजनाको नाम | वार्षिक वजेट | खर्च | बाकी | निमार्ण/उ.स.को नाम | उ.स.अ |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यलय भवन निर्माण २, | ५000000 | ३१२0000 | १८८0000 | ममता मिार्ण सेवा | वोलपत्र |
| २ | वडा कार्यलय भवन निर्माण ३ | ५000000 | ३३५४५00 | १६४५५00 | कालासिला निर्माण सेवा | वोलपत्र |
| ३ | वडा कार्यलय भवन निर्माण ४ | ५000000 | ३३४६७३१ | १६५३२६९ | तेजेन्द्र/सुवर्ण जे.भि. | वोलपत्र |
| ४ | वडा कार्यलय भवन निर्माण ,७ | ५000000 | ३0८२७५0 | १९१७२५0 | आर एन वि विर्ल्डस | वोलपत्र |
| ५ | वडकी ओदी कालीकोट सम्म सडक स्तर वृद्धि वडा नं. २ | ८000000 | ४५९५२३५ | ३४0४७६५ | वडकी ओदी सडक स्तर वृदी उ.स.हिमा २ | जुद्ध रोकाया |
| ६ | मोफ्ला कुडारसडक निमार्ण | ८000000 | ४९८३0७६ | ३0१६९२४ | देयारगाउँ , मोफ्ला कुडारी ग्रामिण्म सडक निमार्ण उ.स. | कृष्ण व.रोकाया |
| ७ | वाग बजार माहवैपातर खोला सडक निर्माण | ८,000,000 | २२८0000 | ५७२0000 | वाग बजार देखि डाडावाडा सम्म सडक स्तर वृदि उ.स.हिमा ६ | भिम व.खत्री |
| ८ | खलढुङ्गा खानेपानी आयोजना दलीत वस्ती समेत | ३000000 | ९४0000 | २0६0000 | खलढुङ्गा दलितवाडा , माझघर खानेपानी आयोजना | वुचो अधिकारी |
| ९ | देवार गाउँ वृहत खानेपानी आयोजना | ५,000,000 | १५६७५00 | ३४३२५00 | देवारगाउँ खानेपानी आयोजना निर्माण उ.स.हिमा १ जुम्ला | राम व.शाही |
| १0 | टाङ्गाडा देखी चीउँडी सम्म सीचाई ७ | ३000000 | ९४0५00 | २0५९५00 | टाङ्गाडा देखी चीउँडी सम्म सीचाई आयोजना उ.स.हिमा ७ | धनविरे वुढा |
| ११ | चेमा विद्युत लाइन विस्तार | १000000 | ६९७,५२0 | ३0२४८0 | चेमा विद्युत लाइन विस्तार उ.स.हिमा ३ जुम्ला | धनविरे रोकाया |
| १२ | खागल खोला जलविद्युत योजना निमार्ण | ४000000 | १९७५0७६ | २0२४९२४ | खागल खोला जलविद्युत योजना निमार्ण उ.स.हिमा ६ | लंक व.खत्री |
| १३ | हिमा पै्रा.वि. कोइरेलि भवन घेरवार | ५00000 | ५00000 | 0 | हिमा आधारभुत विधालय घेरवार उ.स.हिमा २ जुम्ला | चन्द्र व.रोकाया |
| १४ | अइडा कोट पर्यटकीय क्षेत्र फील्ड तथा धर्म शाला | ५00,000 | ५00000 | 0 | अइडा कोट क्षेत्र फील्ड धर्मशाला निर्माण उ.स. | विर तिरुवा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | छेपाडी ढुङ्गा दलीत वस्ती | १०००००० | ३१३५०० | ६८६५०० | छेपाडी ढुङ्गा खानेपानि निर्माण उ.स.हिमा ४ जुम्ला | अर्जुने वुढा |
| १६ | गाउँपालिका स्तरमा हाइअल्टिच्युट रंगशाला निर्माण | १५००००० | १५००००० | ० | हिमा हाइअल्टिच्युट रंगशाला निर्माण उ.स. | रमेश व.शाही |
| १७ | महावै पातर खोला दलित नमुना वस्ती विकास | २००००० | १००००० | १००००० | सरसफाई तथा चर्पि निर्माण उ.स.हिमा ६ | रत्नविरे दमाई |
| १८ | दलित नुमुना वस्ती वड्की १ | २००००० | २००००० | ० | दलित नुमुना वस्ती उ.स. वड्की १ जुम्ला | परि कामी |
| १९ | प्रथामिक स्वस्थ्य केन्द्रको पुर्वधार निर्माण | १,०००,००० | ८७५,००० | १२५००० | प्राथमिक स्वस्थ्य केन्द्रको पुर्वधार निर्माण | स्वास्थ्य संस्था |
| २० | ताम गुडी लिफ्ट सिचाई जोगी वाडा ३ | १,०००,००० | ३८०,००० | ६२०००० | ताम गुडीदेखि रविया लिफ्ट सिचाई उ.स.हिमा ३ जुम्ला | दुर्गनाथ योगी |
| २१ | फागुनी नाउला सिचाई पोखरी नीर्माण | ५००००० | १५६७५० | ३४३२५० | फागुनी नाउला सिचाई उ.स.हिमा ७ जुम्ला | पविता शाही |
| २२ | उपभोग सहकारी ६ | ५००००० | ० | ५००००० | उपभोग सहकारी ६ | |
| २३ | सहित पार्क | १,५००,००० | ५७०,००० | ९३०००० | सहित पार्क निर्माण उ.स. | रतन व.रोकाया |
| २४ | दाड खाडा धर्मशाला र पातीहाल्ना स्वागत गेट | ४००,००० | ३८०,००० | २०००० | पातीहाल्ना ,दाडखाडा धर्मशाला निर्माण उ.स.हिमा ६ | लक्ष्मी रावत |
| २५ | रुपाकोट प्रावि भवन निर्माण | २५००००० | ८३१,२५० | १६६८७५० | रुपाकोट आधारभुत भवन निर्माण उ.स.हिमा ५ जुम्ला | भक्त रोकाया |
| २६ | वनखेत सिचाई कुलो आचार्यलिही वडा नं. १ | ५००,००० | ५००००० | ० | वनखेत सिचाई कुलो उ.स.हिमा १ जुम्ला | दलजिते रावत |
| २७ | लुईया खानेपानी ओदी वडा नं. २ | ५००००० | १४२५०० | ३५७५०० | भेरा लुईया खानेपानी आयोजना हिमा २ | जाड रोकाया |
| २८ | वजेडी हुदै ज्योती प्रावि सम्म सडक स्तर विद्धि | ४,०००,००० | २,९६४,००० | १०३६००० | वजेडी , ज्योती प्रावि हुदै कालिका मा.वि.पिएसि सडक नि.उ.स. | गोर्ख व.शाही |
| २९ | स्वस्थ्य केन्द्र कालीका उ.मा.वि बुअ देखी भुगल पाटा सडक | ४,०००,००० | २५३९०४४ | १४६०९५६ | स्वस्थ्य केन्द्र कालीका उ.मा.वि बुअ देखी भुगल पाटा सडक नि.उ.स. | अकल व.शाही |
| ३० | महिला हिंसा छाउपडी अन्त्य कार्यक्रम | १५०,००० | १२०,००० | ३०००० | महिला हिंसा छाउपडी अन्त्य कार्यक्रम | राजु रोकाया |
| ३१ | बाल मैत्री गाउँपालिका घोषणा | १००,००० | ० | १००००० | बाल मैत्री गाउँपालिका घोषणा | |
| ३२ | फरक क्षामता अपाङ्ग लक्षित कार्यक्रम | २००,००० | १००००० | १००००० | प्रगतीशिल अपाङ्ग समूह | प्रगतीशिल अपाङ्ग समूह |
| ३३ | पुर्ण खोप कार्यक्रम | ५०,००० | ० | ५०००० | | |
| ३४ | ल्याड फिल्डसाइट छनोट सम्भाव्यता अध्यन | ३२४,००० | १५३९०० | १७०१०० | ल्याड फिल्डसाइट उ.स.हिमा १ जुम्ला | दिपराज शाही |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | प्रकोप व्यावस्थापन कोष | ७००,००० | २३५००० | ४६५००० | | |
| ३६ | पुजीगत अनुसन्धान प्रारर्मश | ४५०,००० | ४५०००० | ० | टिम इन्जिनियरिङ कन्सटेल्सी च.ना.४ जुम्ला | टिम इन्जिनियरिङ कन्स |
| ३७ | सफ्टोवयर निमार्ण खरीद | १००,००० | १००००० | ० | | |
| ३८ | फनिचर तथा फिक्चर्स | १००,००० | १००००० | ० | | |
| ३९ | एक्साभेटर कार्यक्रम)कृषि विकास साखा | ५,०००,००० | ३३३४३८० | १६६५६२० | | कृषी विकास शाखा |
| ४० | एक्साभेटर कार्यक्रम)पशु विकास साखा | ४२००००० | ४२००००० | ० | | पशु विकास शाखा |
| ४१ | एक्साभेटर कार्यक्रममहिला विकास साखा | ९५०००० | ९५०००० | ० | | महिला विकास शाखा |
| ४२ | सवारी साधन (प्राविधीक उपकरण) | ६००,००० | ६००००० | ० | | |
| ४३ | सवारी साधन वडा कार्यालय तर्फ १-७ | २१००००० | १३१५०५० | ७८४९५० | | वडा कार्यालय |
| ४४ | सवारी साधन वडा नं ५को घो.बा मर्मत | १००००० | १००००० | ० | | |
| ४५ | सवारी साधन मोटरसाइकल | ५०३,८०० | ५०३,८०० | ० | | |
| ४६ | सवारी साधन वडा नं २ र ६ वडा कार्यालय मर्मत | १००००० | १००००० | ० | | |
| ४७ | सवारी साधन प्रथामीक स्वास्थ्य केन्द्र सम्म विद्दुत लाइन विस्तार | २५०,००० | ० | २५०००० | | |
| ४८ | सवारी साधन आवासिय विध्यालय | १,०००,००० | ४५०,००० | ५५०००० | | मुन ब.शाही |
| | सवारी साधन पशु विकास शाखा | ९०,८१५ | ९०,८१५ | ० | | |
| | सवारी साधन रारा महेत्सव | ९०,००० | ७५,००० | १५००० | | |
| ४९ | सवारी साधन मालुवा फोक्टा जलविधुत मुहान मर्मत | ६९,१८५ | ० | ६९,१८५ | | |
| ५० | सवारी साधन स्टिल टस स्वागत गेट र काठकोगेट | ३८१,००० | १३०,००० | २५१००० | | |
| ५१ | सवारी साधन रनिङ्गसिल्डकोलागी खेलकुदलाई | १००,००० | ० | १००००० | | |
| ५२ | सवारी साधन फर्निचर मर्मत राहदेव मा.वि मोफला र कालिका मा.वि | २००,००० | २००,००० | ० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५३ | सवारी साधन पलाता खेलकुद | २००,००० | १००,००० | १००००० | | |
| ५४ | सवारी साधन आखा सिविर | २५,००० | ० | २५००० | | |
| ५५ | सवारी साधनमहिला विकास साखा | ५०००० | ५०००० | ० | | |
| ५६ | सवारी साधन | ४०२०० | ० | ४०२०० | | |
| ५७ | सवारी साधन स्वास्थ्यको औषधी खरिद | १००००० | १००००० | ० | | |
| ५८ | विभिन्न पुस्तक तथा प्रचा प्रकासन | ३००००० | ३००००० | ० | | |
| ५९ | खस सस्कृति संरक्षण | ५०००० | ४०००० | १०००० | कार्यक्रम | छत्र व.शाही |
| ६० | विभिन्न सुचनाहरु प्रसारण तथा प्रकासन | १००००० | ३२००० | ६८००० | | |
| | | ९९,०७४,००० | ५७२६४८७७.०० | ४१८०९१२३ | | |
| | **नोट कन्टीजेन्सी खर्च** | ० | १६२०८०८.२० | ० | | |
| | **जम्मा** | ९९,०७४,००० | ५८८८५६८५.२० | ४०,१८८,३१५ | | |
| | | | | | | |

नेपाल सरकार म.ले.प.फा.नं. १३

# हिमा गाउ पालिकाको कार्यालय

२०७५ साल जेष्ठ महिनाको खर्चको फाटवारी आ.व. २०७३।७४

व.उ.शि.नं. : ८०१७६१३ चालु

| यो महिनाको खर्च | यो महिना सम्मको निकासा | व.र.नं. | वजेट रकम | वार्षिक वजेट | यो महिना सम्मको खर्च | बाकी |
|---|---|---|---|---|---|---|
| ४०१६२४।०० | ३९८३००२।७० | २११११ | तलब | १२१२२०००।० | ४३८४६२६।७० | ७७३७३७३।३ |
| ७५६०२।०० | ६९७८९०।०० | २१११२ | स्थानीय भत्ता | २५०३०००।० | ७७३४९२।०० | १७२९५०८।० |
| १०५००।०० | ८५०००।०० | २१११३ | महंगि भत्ता | ३६००००।० | ९५५००।०० | २६४५००।० |
| १५७०००।०० | २२४०००।०० | २१११९ | अन्य भत्ता | ४०००००।० | ३८१०००।०० | १९०००।० |
| ०।० | १२७५००।०० | २११२१ | पोशाक | ६१५०००।० | १२७५००।०० | ४८७५००।० |
| ३९००।०० | २६११०।०० | २२१११ | पानी तथा बिजुली | ५००००।० | ३००१०।०० | १९९९०।० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३०००।०० | ४२७७०।०० | २२११२ | संचार महशुल | १५००००।० | ६५७७०।०० | ८४२३०।० |
| ५००००।०० | ८६०००।०० | २२१२१ | घर भाडा | २४००००।० | १३६०००।०० | १०४०००।० |
| १३३२०।०० | ७१०८५।०० | २२२११ | ईन्धन | ३०००००।० | ८४४०५।०० | २१५५९५।० |
| ५०८७५।० | १५०१४८।०० | २२२१२ | तथा संचालन मर्मत सम्भार | ३५००००।० | २०१०२३।०० | १४८९७७।० |
| २८३०।०० | ८७६६७७।०० | २२३११ | कार्यालय सम्बन्धी खर्च | १५०००००।० | ८७९५०७।०० | ६२०४९३।० |
| ०।०० | ०।०० | २२३२१ | निर्मित सा.स.मर्मत संभार | ४५००००।० | ०।०० | ४५००००।० |
| ०।०० | ५०००००।०० | २२४११ | परफर्श सेवा | ४५००००।० | ५०००००।०० | (५००००।० |
| ०।०० | ३८१८०।०० | | इनधन अन्य प्रयोजन | ७००००।० | ३८१८०।०० | ३१८२०।० |
| ०।०० | ५००००।०० | २२४१२ | अन्य सेवा शुल्क | ५३००००।० | ५००००।०० | ४८००००।० |
| ०।०० | १०००००।०० | | कर्मचारी तालिम | १०००००।० | १०००००।०० | ०।० |
| ०।०० | ५००००।०० | | कार्यक्रम खर्च | ७००००।० | ५००००।०० | २००००।० |
| ०।०० | ०।०० | | सिप बिकास तालिम | २०००००।० | ०।०० | २०००००।० |
| ६८७४८।०० | १२७०८०।०० | २२६११ | अनुगमन मूल्यांकन खर्च | ३४२०००।० | १९५८२८।०० | १४६१७२।० |
| ०।०० | ८०००००।०० | २२६१२ | भ्रमण खर्च | ८०००००।० | ८०००००।०० | ०।० |
| ८८५०।०० | १४३४५०।० | २२७११ | विविध | ३५००००।० | १५२३००।०० | १९७७००।० |
| ०।०० | ०।० | | कर्मचारी कल्याण कोष | २०००००।० | | |
| ८६६२४९।०० | ८१७८८९२।७० | | | २२१५२०००।०० | ९०४५१४१।७० | १२९०६८५८।३ |

बैकको नाम : रा.बा.बैक जुम्ला

बैक हि.नं :

जम्मा निकासा : ९०४५१४१।७०

बैक बाकी : ०।००

जम्मा खर्च : ९०४५१४१।७०

नगद बाकी : ०

पेश्कि बाकी : ०

जम्मा बाकी : ०।००

पेश्कि कटाई जम्मा खर्च : ९०४५१४१।७०

जम्मा खर्च :

पेश गर्ने :

दर्जा :

मिति :

सदर गर्ने :

दर्जा :

मिति :

# अनुसूची – २

## गाउँ कार्यपालिका/ गाउँसभाबाट आ.व. २०७५/०७६ को लागि छनौट भएका योजना /कार्यक्रम एवं बजेट

| क.सं. | योजना कार्यक्रम क्रियाकलाप | ठेगाना | विनियोजित बजेट | प्राथमीकिकरण |
|---|---|---|---|---|
| १ | बड्की स्यारगाउँ खानेपानी मर्मत | वडा नं. १ वड्की गाउँ | ५००००० | P1 |
| २ | वडा स्तरीय खेलकुद मैदान निर्माण | वडा नं. १ देवार गाउँ | १०००००० | P1 |
| ३ | वड्की जनता आवास नमुना वस्ती | वडा नं. १ बड्की | ३५०००० | P1 |
| ४ | आचार्य लिही राजर्मागं देखी संस्था घरसम्म ढल निकास | वडा नं. १ आचार्य लिही | ७००००० | P1 |
| ५ | देवारगाउँ काटिया कुलो निर्माण | वडा नं. १ देवारगाउँ | ४५०००० | P1 |
| ६ | वड्की सागुदेखी राजमार्ग सम्म वाटो निर्माण | वडा नं. १ वड्की | ६००००० | P1 |
| ७ | कुना सिद्ध मन्दीर निर्माण | वडा नं. १ देवारगाउँ | १००००० | P1 |
| ८ | नमुना वस्ती फोहोर व्यावस्थापन कायक्रम | वडा नं. १ देवारगाउँ | २५०००० | P1 |
| ९ | ह्याङ्ग्रे मन्दीर निर्माण | वडा नं. १ वड्की | ४००००० | P1 |
| १० | लाटा दहको मन्दीर निर्माण | वडा नं. १ देवारगाउँ | ५०००० | P1 |
| ११ | माछ्राखाडा खोला सडा सिचाई पोखरी | वडा नं. २ ओदी | ५००००० | P1 |
| १२ | महादेव प्रा.वि फर्निचर मर्मत | वडा नं. २ स्यारगाउँ | ५०००० | P1 |
| १३ | नेत्र ज्योती मा.वि घेरवार तथा तटबन्धन | वडा नं. २ ओदी | १०००००० | P1 |
| १४ | साना जलविद्युतको फलामे पोल खरीद | वडा नं. २ वदी | १०००००० | P1 |
| १५ | विष्णु प्रा.वि.फर्निचर मर्मत | वडा नं. २ रिखीदेउ | ५०००० | P1 |
| १६ | अपाङ्ग तथा महिलाहरुका लागि सिपमुलक तालिम | वडा नं. २ ओदी,रिखीदेउ | १००००० | P1 |
| १७ | हिमा प्रा.वि. भवन निर्माण | वडा नं. २ कोईरेली | ८००००० | P1 |
| १८ | काठेपुल निर्माण | वडा नं. ३ चेमा | १००००० | P1 |
| १९ | सफ्टवयर खरीद | हिमा गा.पा. | ५००००० | P1 |
| २० | फर्नीचर फिक्चस | हिमा गा.पा | ५००००० | P1 |
| २१ | मोफ्ला राहादेव मा.वि. फर्निचर तथा फिर्क्चस | वडा नं. ३ | ५००००० | P1 |
| २२ | पुईचु देखी जालाहाल्ना सम्म खानेपानी निर्माण | वडा न. ३ मोफ्ला | ८००००० | P1 |
| २३ | सुगुर खोला सिचाई पोखरी निर्माण | वडा नं. ३ मोफ्ला | ५००००० | P1 |
| २४ | छाउपडि प्रथा गोठ मुक्त कार्यक्रम | वडा न. ३ जोगीबाडा | २५०००० | P1 |
| २५ | गोरेटो बाटो निर्माण | वडा नं. ३ जोगीवाडा | २५०००० | P1 |
| २६ | कुटानी पिसानी मिल | वडा नं. ४ कुडु | ५००००० | P1 |
| २७ | बाहुन मष्टा र थर्प मष्टा मन्दिर निर्माण | वडा नं. ४ खेतु | २००००० | P1 |
| २८ | पियाल गाउँ मष्टा मन्दिर निर्माण | वडा नं. ४ जार्जी | १००००० | P1 |
| २९ | मष्टा मन्दिर निर्माण | वडा नं. ४ कुडु | १००००० | P1 |
| ३० | ईश्वरा माडु मन्दीर निर्माण | वडा नं. ४ | १००००० | P1 |
| ३१ | सिम्तली खोला देखी सिम्तली गाउँ सम्म कुलो मर्मत | वडा नं. ४ | १५०००० | P1 |
| ३२ | दलित/महिला हिंसा कार्यक्रम | वडा नं ४ | २००००० | P1 |
| ३३ | जुगार बजार खानेपानी | वडा नं. ४ | २००००० | P1 |
| ३४ | हिमा हाईड्रोपावर निर्माण | वडा नं. ४ | २४००००० | P1 |
| ३५ | ज्योति प्रा. वि. फर्निचर खरिद | वडा नं. ४ | ५०००० | P1 |

| | | | | |
|---|---|---|---|---|
| ३६ | डुंग्रीकोट खानेपानी निर्माण | वडा नं. ५ बाजागाडा | ५००००० | P1 |
| ३७ | पुरीवने मन्दिरनिर्माण | वुअ ५ | ५०००० | P1 |
| ३८ | बाजागाडी थान | बाजागाडा | ५०००० | P1 |
| ३९ | भुगल पाटा देखी वुअ गाउँ सम्म सडक निर्माण | वुअ | १५००००० | P1 |
| ४० | रुपाकोट आधारभुत विद्यालय भवन निर्माण | बाजागाड | १०००००० | P1 |
| ४१ | स्वास्थ्य क्लिनिक भवन निर्माण | बाजागाडा | ४००००० | P1 |
| ४२ | रुपाकोट आधारभुत परानो भवन निर्माणमा अपुग रकमथप | बजागाड | ४५०००० | P1 |
| ४३ | महिला/दलित शसक्तिकरण कार्यक्रम | वडा न. ६ | १००००० | P1 |
| ४४ | खानेपानी निर्माण भैसाकाध | वडा नं. ६ मर्ची | ५०००० | P1 |
| ४५ | मेसनरी सामान मर्मत | वडा नं. ६ | ५०००० | P1 |
| ४६ | झिसागु देखी सान्ट खोला सम्म गोरेटो बाटो निर्माण | वडा न. ६ | २००००० | P1 |
| ४७ | महादेव आधारभुत विद्यालय घेरवार | वडा न. ७ | २००००० | P1 |
| ४८ | अन्नपुर्ण मा.वि. घेरवार | वडा न. ७ धाचु गाउँ | २००००० | P1 |
| ४९ | कालिका बालविकास केन्द्र चिउडी फिल्ड निर्माण | वडा नं. ७ चिउडी | ५०००० | P1 |
| ५० | खलढुङ्गा सिचाई कुलो निर्माण | वडा नं. ७ | १००००० | P1 |
| ५१ | मर्ची मन्दिर निर्माण | वडा न..७ | १५०००० | P1 |
| ५२ | दलित/अपाङ्ग शसक्ति कार्यक्रम | वडा न. ७ | १००००० | P1 |
| ५३ | सस्कृत पाठशाला कार्यक्रम | वडा नं. ७ नुवागाउ | १००००० | P1 |
| ५४ | बागबजार र मर्ची गाउँ खानेपानी मर्मत | वडा नं. ६ र ७ | १००००० | P1 |
| ५५ | म्याचिङ् फण्ड | गा.पा. | ४२५०००० | P1 |
| ५६ | वडा कार्यालय भवन | वडा नं. २,३,४,७ | १००००००० | P1 |
| ५७ | विद्युत लाईन विस्तार | वडा नं. ३ च्यामा | ३००००० | P1 |
| ५८ | तामगडी लिफ्ट सिचाई | वडा नं. ३ च्यामा | ५००००० | P1 |
| ५९ | वडा कार्यालय व्यावस्थापन खर्च | वडान १ दखी ७ | १२६०००० | P1 |
| ६० | स्वास्थ्य कार्यक्रम | गा.पा भित्र | १५००००० | P1 |
| ६१ | पशुपंछी शाखा | गा.पा भित्र | १०००००० | P1 |
| ६२ | महिला तथा बालबालिका कार्यक्रम | गा.पा. भित्र | २०००००० | P1 |
| ६३ | कृषि तथा शिक्षा कार्यक्रम | गा.पा. भित्र | ४१००००० | P1 |
| ६४ | मालुवा फोक्टा जलविद्युत मर्मत | वडा नं. ७ | १५०००० | P1 |
| ६५ | अध्यक्ष तथा उपाध्याक्ष को कार्यकक्ष व्यवस्थापन खर्च | हिमा गा.पा | ५००००० | P1 |
| ६६ | चर्च निर्माण | वडा नं. ६ | ३००००० | P1 |
| ६७ | पुस्तकालय तथा अनुसन्धान व्यवस्थापन कार्यक्रम | हिमा गा.पा | ५००००० | P1 |
| ६८ | हिमा आवाशिय विद्यालय हिमा | हिमा गा.पा. | १०००००० | P1 |
| ६९ | हिमा नमुना ई.सी.डी. भवन निर्माण | वडा नं. ६ डाडा बाडा | ६००००० | P1 |
| ७० | खापर मन्दीर निर्माण | वडा नं. ६ | ४००००० | P1 |
| ७१ | अपाङ्ग कार्यक्रम | हिमा गा.पा. | २००००० | P1 |
| ७२ | हिमा कप खेलकुद कार्यक्रम | हिमा गा.पा. | ५००००० | P1 |
| ७३ | गाउँ पालिकाको वृत्त चित्र | हिमा गा.पा. | ५००००० | P1 |
| ७४ | सञ्चार क्षेत्र व्यवस्थापन कार्यक्रम | हिमा गा.पा | ३००००० | P1 |
| ७५ | हरि बहादुर कुवर स्मृति कार्यक्रम | जुम्ला | २००००० | P1 |
| ७६ | जुगाड खानेपानी धारा व्यवस्थापन | वडा नं. ४ | २००००० | P1 |
| ७७ | देउ ढुस्की खानेपानी | वडा नं. ७ मर्ची | १००००० | P1 |
| ७८ | चिलर खोलासे हुदै धारे टाउका खाने पानी | हिमा १ वड्की | २००००० | P1 |
| ७९ | लोडनेडिल पारौटा खरक खानेपानी | हिमा ६ | ५००००० | P1 |
| ८० | कुडु सिचाई | हिमा ७ | ५००००० | P1 |

| | | | | |
|---|---|---|---|---|
| ८१ | गाउँ सभा खर्च | हिमा गा.पा. | ७६००० | |
| | | जम्मा | ५२२८६००० | |
| १. | हिमा हाईड्रोपावर | हिमा गा.पा. | ५०००००० | P2 |
| २. | बहु क्षेत्रीय पोषण कार्यक्रम | हिमा गा.पा. | ५०००० | P2 |
| ३. | न्यायपालिका कार्यालय व्यावस्थापन खर्च | हिमा गा.पा. | १०००००० | P2 |
| ४. | भैरव मा.वि. आधारभुत विद्यालय भवन निर्माण | वडा नं. ३ जोगीबाडा | २०००००० | P2 |
| ५. | भानु मा.वि. मेसनरीवाल र प्राविधिक शिक्षालय स्थापना | वडा नं. ६ | २०००००० | P2 |
| ६. | रुपाकोट विद्यालय घेरवार | वडा नं. ५ | १५००००० | P2 |
| ७. | लक्ष्मी देवल प्रा.वि २ कोठे भवन निर्माण | वडा नं. १ आचार्यलिही | २०००००० | P2 |
| ८. | चिउडी खानेपानी योजना | वडा नं. ७ | ५००००० | P2 |
| ९. | कालिका मा.वि बुअ भवन निर्माण | वडा नं. ५ | २५००००० | P2 |
| १० | ज्योती प्रा.वि. भवन निर्माण | वडा नं. ४ | २०००००० | P2 |
| ११. | राजमार्ग हुदै भित्री खोला ओरेङ्गे सम्म गोरेटो बाटो निर्माण | वडा नं. १ आचार्यलिही | ८००००० | P2 |
| १२ | कालीका मा.वि भवन निर्माण | वडा नं. १ वड्की | २०००००० | P2 |
| १३. | कैलाश प्रा.वि. खानेपानी निर्माण | वडा नं. ४ जार्जी | ५००००० | P2 |
| १४ | कुलदेव प्रा.वि. घेरवार | वडा नं. ४ चीउडी | १०००००० | P2 |
| १५ | रुपलदेवी भवन निर्माण | वडा नं. ७ मर्ची | २०००००० | P2 |
| १६. | शिव प्रा.वि. डाडा वाडा भवन निर्माण | वडा नं. ६ | २०००००० | P2 |
| १७ | ई.सी.डी. भवन निर्माण | वडा नं. ६ खलढुङ्गा | ५००००० | P2 |
| १८ | चेमा प्रा.वि. घेरवार | वडा नं. ३ चेमा | ५००००० | P2 |
| १९ | विष्णु प्रा.वि घेरवार | वडा नं. ३ रिखीदेव | ५००००० | P2 |
| २० | देवारगाउँ आधारभुत विद्यालय घेरवार | वडा न.. १ देवारगाउँ | ५००००० | P2 |
| २१. | राहादेव मा.वि घरेवार | वडा नं. ३ मोफ्ला | १५००००० | P2 |
| २२ | गाउँ पालिका स्तरीय सहकारी | हिमा. गा.पा | २५००००० | P2 |
| २३. | पर्पालि जीउला तडबन्द्न सिचाई कुलो | वडा नं. १ | १०००००० | P2 |
| २४ | महादेव मष्ट थान निर्माण | वडा नं. ५ | ४००००० | P2 |
| २५ | जोगी वाडा देखी चालिसे सम्म रोड निर्माण | वडा नं. ३ | ५००००० | P2 |
| २६ | धजालाईने देखी रुपीछडा सम्म गोरेटो बाटो निर्माण | वडा नं. ५ बाजागाड | १०००००० | P2 |
| २७ | हिमा आवासिय विद्यालय निर्माण | हिमा.गा.पा | २०००००० | P2 |
| २८ | हिमा प्रा.वि. विद्यालय भवन निर्माण | वडा नं. २ कोईरेली | १०००००० | P2 |
| २९ | सुगुर खाला सिचाई पोखरी | हमा ३ | ३००००० | P2 |
| ३० | दानभिड माछखाड खा.पा. | वडा नं. २ | १०००००० | P2 |
| ३१. | भेरा लुईया थप खानेपानी | वडा नं. २ | ३००००० | P2 |
| ३२ | माथि स्यारगाउँ जैमल्या खा.पा. | वडा न. २ | ४५०००० | P2 |
| ३३. | उनीयाँ धारा तल्लो मुल खा.पा मर्मत | हिमा ७ नुवागाउँ | २००००० | P2 |
| ३४ | बाम्ने माडु खा.पा. मर्मत | हिमा २ कोईरेली | १५०००० | P2 |
| | | जम्मा | ४११५०००० | |
| | अबन्डा | | १५१५००० | |
| | जम्मा | | ४२६६५००० | |

# अनुसूची—३

# हिमा गाउ पालिका

## गाउ कार्यपालिकाको कार्यालय जुम्ला

आ.ब २०७५।७६ मा चालु तर्फ आवश्यक वजेट

| | व.र.नं. | वजेट रकम | वार्षिक वजेट | |
|---|---|---|---|---|
| | २१११ | त्लव | १४५१०००।० | |
| | २१११२ | स्थानीय भत्ता | ८५७७००।० | |
| | २१११३ | महंगि भत्ता | ८६४०००।० | |
| | २१११९ | अन्य भत्ता | ६३८०००।० | |
| | २११२१ | पोशाक | २२५०००।० | |
| | २२१११ | पानी तथा बिजुली | ६००००।० | |
| | २२११२ | संचार महशुल | १६५०००।० | |
| | २२१२१ | घर भाडा | ४६५०००।० | |
| | २२२११ | ईन्धन | ३३००००।० | |
| | २२२१२ | संचालन तथा मर्मत सम्भार | २८५०००।० | |
| | २२२१३ | विमा | १००००००।० | |
| | २२३११ | कार्यालय सम्बन्धी खर्च | १५०००००।० | |
| | २२३२१ | निर्मित सा.स.मर्मत संभार | ४०००००।० | |
| | २२४११ | परामर्श सेवा | ५०००००।० | |
| | २२४१२ | अन्य सेवा शुल्क | ५०००००।० | |
| | २२५११ | कर्मचारी तालिम | १५००००।० | |
| | २२५१२ | शिप बिकास तालिम | ३०००००।० | |
| | २२५२२ | कार्यक्रम खर्च | १०००००।० | |
| | २२६११ | अनुगमन मूल्यांकन खर्च | ४०००००।० | |
| | २२६१२ | भ्रमण खर्च | ८०००००।० | |
| | २२७११ | विविध | ५०००००।० | |
| | | कर्मचारी कल्याण कोष | २०००००।० | |
| | | | ३१५६९०००।०० | |

# अनुसूचि–४

## हिमा गांउपालिकामा आ.व. २०७५/०७६ मा एनजिओ/आईएनजिओ द्वारा संचालन हुने कार्यक्रमहरु ।

| गा.पा. तथा न.पा. को नाम : हिमा, जुम्ला | | | | | |
|---|---|---|---|---|---|
| परियोजनाको नाम : दिगो खानेपानी, सरसफाई तथा स्वच्छता परियोजना (सुवास) | | | | परियोजना अवधि मार्च २०१९ सम्म | |
| क्र.स. | कार्यक्रमको नाम | ईकाई संख्या | ईकाई रकम | जम्मा | कैफियत |
| | क खानेपानीतर्फ | | | | |
| १ | जोगीवाडा खा.पा. स्वच्छता शिक्षा तथा स.स. योजनानिर्माण | १ | ३,६७५,६८७.७५ | ३,६७५,६८७.७५ | |
| २ | कुडु खा.पा. स्वच्छता शिक्षा तथा स.स .योजना निमार्ण | १ | ३,९८८,३५१.३० | ३,९८८,३५१.३० | |
| ३ | खानेपानी गुणस्तर जाँच | १ | ४९,०००.०० | ४९,०००.०० | |
| ४ | खानेपानी योजनाको विमा | २ | ८,०००.०० | १६,०००.०० | |
| ५ | संकटासन्नता क्षमताविश्लेषण सहित खानेपानी सुरक्षा योजना निमार्ण | १ | ८७,०००.०० | ८७,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | खानेपानी योजना मर्मत तथा सहयोग/साझेदारी | १ | ५,००,०००.०० | ५,००,०००.०० | |
| ७ | विद्यालयस्तर खानेपानी सुधार योजना | १ | २,८८,०९५.०० | २,८८,०९५.०० | |
| ८ | योजना सर्वे तथा डिजाईन | १ | ८५,०००.०० | ८५,०००.०० | |
| ख. सरसफाई तर्फ | | | | | |
| १ | नमुना तथा अतिकमजोर घरधुरीलाई चर्पि | २ | ३०,०००.०० | ६०,०००.०० | |
| २ | उपभोक्ता समितीलाई योजना दिगोपना सम्बन्धी तालिम | २ | १७,७००.०० | ३५,४००.०० | |
| ३ | पुर्ण सरसफाई सम्बन्धी टिगिरिड. | ४ | १०,०००.०० | ४०,०००.०० | |
| ४ | विद्यालय चर्पि सुधार योजना | २ | १,९०,८१३.१० | ३,८१,६२६.१९ | |
| | जम्मा | | | ५,१७,०२६.१९ | |
| ग.स्वास्थ्य तथा स्वच्छता तर्फ | | | | | |
| १ | आयोजनास्तरमा हातधुने ठाउँ व्यवस्थापन निर्माण | ८० | १,०००.०० | ८०,०००.०० | |
| २ | महिनावारी तथा स्वास्थ्य सम्वन्धी तालिम | ५ | २६,९००.०० | १,३४,५००.०० | |
| ३ | खानेपानी,सरसफाई तथा स्वास्थ्यअधिकार सम्वन्धि कक्षा संचालन | ११५२ | २१३.२७ | २,४५,६९०.०० | |
| ४ | विद्यालयस्तरसरसफाई तथा स्वास्थ्य सम्वन्धि सामाग्री सहयोग | १२ | ३,६६६.६७ | ४४,०००.०० | |

(१) किर्डाक

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | क्षमताविकास तथा चेतना वृद्वी समूदायस्तर विभिन्न तालिमहरु (गाउँपालिकातथा समूदाय) | १ | २४,०६,३००.०० | २४,०६,३००.०० | |
| | जम्मा | | | २९,१०,४९०.०० | |
| कुल जम्मा (दिगाखानेपानी,सरसफाई तथा स्वच्छता परियोजना ) १२,०३१,६५०.२४ | | | | | |

नेपालको

किर्डाक/७७/२०७४/०७५, मिति २०७५/०२/३१ को पत्र वमोजिम आ.व. २०७५/०७६ मा संचालन गर्ने कार्यक्रमको विवरण ।

कर्णालीएकिकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्र (किर्डा,नेपाल)

## (२) संस्थाको नाम : आई.न.एफ. नेपाल

शाखाकार्यालय। आई.एन.एफ. जुम्ला सामुदायिक क्लष्टर जुम्ला
दर्ताजिल्ला : जिल्लाप्रशासनकार्यालय, कास्की

| क्र.स. | कार्यक्रम | कार्यक्रम संचालन हुने स्थान | प्रस्तावित बजेट | | | |
|---|---|---|---|---|---|---|
| | | | कार्यक्रम बजेट | प्रशासनीक बजेट | जम्मा बजेट | कफियत |
| १ | सामुदायिक स्वास्थ्यतथाविकास पीयोजना | | | | | |
| २ | २० वटा समुह सहजीकरण र कार्ययोजनानिर्माण गर्न, श्रोतको खोज ीगर्न समन्वयको लागी सहयोग गर्ने | हिमागाउँपालिका ४ र ५ | ३१२००० | ३१२०० | ३१२०० | |
| ३ | भौतिकनिर्माणको कार्यमा सहयोग | हिमागाउँपालिका ४ र ५ट | १००००० | १००००० | १००००० | |
| ४ | समुहरु लाई विभिन्नविषयमा | हिमागाउँपालिका ४ र ५ | ५०००० | ५०००० | ५०००० | |
| ५ | समुहरुलाई समुहव्यबस्थापन र सहकारी दर्ता सम्बन्धितालिम | हिमागाउँपालिका ४ र ५ | ४००० | ४००० | ४००० | |
| ६ | समुहरुमामहिलाअधिकार,जलबायुपरिबर्तन, बालबिबाह र छाउपडि सम्बन्धिजनचेतनाकार्यक्रम | हिमागाउँपालिका ४ र ५ | १५००० | १५००० | १५००० | |
| ७ | शिक्षा सहयोग | हिमागाउँपालिका ४ र ५ | ९६००० | ९६००० | ९६००० | |
| ८ | अपाङ्गभकाव्यक्तिहरुलाई पुर्नस्थापना कृयाकलापतथाउपचार, घर निमाण, सहयोगी सामाग्री सहयोग, भैतिकचिकित्सब | हिमागाउँपालिका ४ र ५ | १८००० | १८००० | १८००० | |
| ९ | अपाङ्गताभएकाव्यक्तिहरुलाई सहयोगी सामाग्रीउपलब्ध | हिमागाउँपालिका ४ र ५ | ४००० | ४००० | ४००० | |
| १० | त्रैमासिक सहयोग पाएका सेवाग्राही हरु सँग भेटघाट | हिमागाउँपालिका ४ र ५ | | | | |
| ११ | सरोकारवालाविच समुहव्यबस्थापन र दिगोपनकालागिीअभिमुखिकरण | हिमागाउँपालिका ४ र ५ | ६००० | ६००० | ६००० | |
| १२ | राष्टिय तथाअन्तराष्टिय दिबस मनाउने | हिमागाउँपालिका ४ र ५ | ५००० | ५००० | ५००० | |
| १३ | सामाजिक लेखाजोखा कार्यक्रम | हिमागाउँपालिका ४ र ५ | १०००० | १०००० | १०००० | |
| | जम्मा | हिमागाउँपालिका ४ र ५ | ६,५६,०००। | ६,५६,०००। | ६,५६,०००। | |

वार्षिक बजेट २०७५/०७६

| क्र.स. | कृयाकलाप |
|---|---|
| १ | साझेदारी संस्थालाई क्षमताविकास तालिम |
| २ | सरोकारवालाविचअपाङ्गताभएकाव्यक्तिहरुको लागिी समाशीबिकास सम्वन्धिअभिमुखिकरण |
| ३ | अपाङ्गताको अभिकार संवन्धिशन्धिको वारेमा सरोकारवाला र अपाङ्गताभएकाब्यक्तिहरु विचगोष्ठी |
| ४ | अपाङ्गताभएकाब्यक्तिहरुको लागीव्यावसायकक्षमताबिकास तालिम (**Vocational**) |
| ५ | घुम्तिकोष स्थापनाको लागिअपाङ्गताभएकाब्यक्तिहरुलाई विउपुजी सहयोग |
| ६ | अपाङ्गताभएकाव्यक्तिहरुलाई सहयोगी सामाग्री (**Assistive Devices**) |
| ७ | अपाङ्गताभएकाव्याक्तिहरुकालागिमहुचयुक्त घर निर्माणको सामाग्रीतथाप्राविधिक सुहयोग |
| ८ | अपाङ्गताभएकाव्याक्तिहरु तथावालबालिकालाई **OT/ PT** |
| ९ | हेल्थपोष्ठ, उप स्वास्थ्यचौकी, महिला सामुदायिक स्वास्थ्यकार्यकर्ताहरु लाईअपाङ्गता सम्वन्धितालिम |
| १० | अपाङ्गताभएकाव्याक्तिहरुकालागीपहुचयुक्त घर निर्माणको समाग्रीतथाप्राविधिक सहयोग |
| ११ | स्वास्थ्यचौकीनिर्माणको लागी सामाग्रीतथाप्राविधिक सहयोग |
| १२ | अपाङ्गताभएकाव्याक्तिहरु लाई चाल सम्बन्धितालिम |
| १३ | शिक्षकतथाविद्यालयव्यावस्थापन समितिलाई अपाङ्ग मैत्रीविद्लायको वातावरण सृजनाबनाउनको लागीतालिम/गोष्ठी |
| १४ | पहुचयुक्तअपाङ्गता मैत्री स्कुलनिर्माणको लागिी सामाग्रीतथाप्राविधिक सहयोग |
| १५ | त्रैमासिक स्कुल भेटघाट |
| १६ | सामाजिक लेखाजोखाकार्यक्रम |

| | | |
|---|---|---|
| १ | **कृयाकलाप खर्च** | ९,०६,०८६।- |
| २ | **कर्मचारी खर्च** | ८,५०,११२।- |
| ३ | **प्रशासनिकखर्च** | २,०५,०९६।- |
| | **कुल बजेट** | १९,६१,२९४ ।- |

## (३) संस्थाको नाम: आत्म सम्मानका लागि सहकार्य (CAD)

आ.व. २०७५/०७६ का लागि यस गांउ पालिकामा प्रशतावित वजेट तथा कार्यक्रमहरु

| क्र.सं | कार्यक्रम | मूख्य क्रियाकलाव | लागत | साझेदार संस्था | दात्री निकाय |
|---|---|---|---|---|---|
| ०१ | बाल संरक्षण | • वाल संरक्षण र प्रवर्धनका लागि आवश्यक सहयोग (वालक्लव गठन तथा परिचालन, क्षमता विकास, विद्यालय तथा समूदाय स्तरमा वाल संरक्षण समिति गठन) | २२,६९,९९८। | क्याड नेपाल | प्लान ईन्टरनेशनल |
| ०२ | बाल प्रत्याभूत संचार कार्यक्रम | • वाल प्रत्याभूत संचार व्यवस्थापन<br>• वल प्रत्याभूत संवन्धी सचेतीकरण<br>• वल क्रियाकलाव<br>• वाल प्रत्याभूत संम्वन्धी क्षमता विकास तालिम | ९,७३,६६६। | | |
| | | कुल प्रशतावित वजेट | ३२,४३,६६४। | | |

## (४) संस्थाको नामः PLAN INTERNATIONAL

आ.व. २०७५/०७६ का लागि यस गांउ पालिकामा प्रश्तावित वजेट तथा कार्यक्रमहरु

| कार्यक्रम | मूख्य क्रियाकलाव | लागत | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक वाल विकास तथा स्वास्थ्य | • | | | |
| लैङगीक रुपान्तरण मूखि समावेशि गुणस्तरिय शिक्षा | • | ३१,१९,०००। | | |
| यूवा सशक्तिकरण तथा उद्यमशिलता विकास | | | | |
| बाल संरक्षण | | २२,६९,९९८। | | |
| बाल केन्द्रित विपद जोखिम न्यूनिकरण जलवायू अनुकुलन | | | | |
| बाल प्रत्याभूत संचार कार्यक्रम | | ९,७३,६६६। | | |
| | कुल प्रश्तावित बजेट | ६३,६२,६६४। | | |

## संस्थाको नामः पेश नेपाल, जुम्ला

आ.व. २०७५/०७६ का लागि यस गांउ पालिकामा प्रश्तावित वजेट तथा कार्यक्रमहरु

# विपत जोखिम न्यनिकरण पहलकदमी परियोजना
# पेस नेपाल जुम्ला ।

## वार्षिक परियोजना वजेट २०७४ र २०७५

| | DRRI Program(PACE-NEPAL) | | |
|---|---|---|---|
| S.N | कार्यक्रम खर्च | | |
| A | कार्यक्रमको शिर्षक | Mahabaipatarkhola | kalikakhetu |
| १ | विपद जोखिम न्युनिकरण (भुकम्प र अन्य) | ४०,८१६.६७ | ३१८१६.६७ |
| १.१ | विद जोखिम न्यनिकारण, जलबायु परिवर्तन सम्बन्धि तालिम/सेमिनार | ७,५००,०० | ७,५००,०० |
| १.१.१ | जलवायु परिवर्तन र असर सम्बन्धि जिलस्तरिय सचेतना गोष्ठि तथा परियोजनाको जानकारी आदानप्रदान कार्यक्रम | – | – |
| १.१.२ | गाउँपालिकामाजलबायु परिबर्तन र असर सम्बन्धि जिल्लास्तरिय सचेतना गोष्ठि तथा परियोजनाको जानकारी आदानप्रदान कार्यक्रम | ७,५००,०० | ७,५००,०० |
| १.४ | समुदाय तथा विद्यालयमा भुकम्प जोखिम विष्लेषण तथा क्षमता अभिबृद्धि | १९,०५०.०० | १९,०५०.०० |
| १.४.३ | समुदायमा भुकम्पबाट बच्ने तालिम (नक्कलद्धारा) | १०,११६.६७ | १०,११६.६७ |
| १.४.४ | विद्यालयमा भुकम्पबाट बन्चे तालिम | ३,३३३.३३ | ३,३३३.३३ |

| | | | |
|---|---|---|---|
| १.४.५ | गा.वि.स तथा विद्यालयस्तरमा नियमित रुपमा नाटक, पत्रपत्रिका प्रकाशनद्धारा सचेतनात्मक कार्यक्रम | ५,६००.०० | ५,६००.०० |
| Iii | नियमित रुपमा बालक्लबको बैठक | ३,६००.०० | ३,६००.०० |
| iv | समुदाय तथा विद्यालय स्तरमा भिडियो प्रदर्शन | २,०००.०० | २,०००.०० |
| १.४.६ | आपतकालिन झोला सहयोग | ३,०००,०० | ३,०००,०० |
| १.५ | भुकम्प पुर्वतयारी तालिम तथा क्रियाकलापहरु | १४,२६६.६७ | ५२६६.६७ |
| १.५.१ | भुकम्प प्रतिरोधी भवन निर्माण गर्नका लागी मिस्त्री तालिम | १४,२६६.६७ | ५२६६.६७ |
| २ | बाली उत्पादन तथा उत्पादकता  बढाउने सम्बन्धि त्रियाकलाप | ४६५७१.८८ | ६९,७७५.१३ |
| २.१ | कृषि सामाग्री तथा विउसहयोग | ४,९००.०० | ४,९००.०० |
| i | हिउदे तरकारी विउ सहयोग धनिया, काउली, बन्दा, प्याज | ३,०००,०० | ३,०००,०० |
| ii | गहुविउ सहयोग | १,९००.०० | १,९००.०० |
| २.२.१ | नर्सरी व्यवस्थापन, काठछाट, खाल्डा निर्माण गोडमेल सम्बन्धि तालिम | | ८,३३३.३३ |
| २.३ | सेवाविस्तार तथा बजार समन्वय | ३४,४८४.३८ | ३५४.३० |
| २.३.१ | मुल्यश्रङखला तथा बजार मुल्य जोड सम्बन्धितालिम | २,८३४.३८ | ३५४.३० |
| २.३.२ | संकलन केन्द्रलाई बजार विकास , विस्तार तथा व्यवस्थापन सम्बन्धि | – | – |
| २.३.३ | नया संकलन केन्द्र स्थापना | ३१,६५०.०० | |
| २.४ | व्यबसाय बिकास तालिम | ६,१८७.५० | ६,१८७.५० |
| २.४.१ | व्यबसाय विकास तालिम (विशेष बालिमाजाम, जेली, चाना केचअप उत्पादन | ६,१८७.५० | ६,१८७.५० |

| | | | |
|---|---|---|---|
| २.५ | सिचाई निर्माण सम्बन्धि कार्य | – | ५0,000.00 |
| २.५.२ | सिचाई कुलो निर्माण तथा मर्मत | | ५0,000.00 |
| ३ | क्षमता अभिबृद्धि क्रियाकलाप | ५०,८४१.६७ | ४४,३४१.६७ |
| ३.१ | सहकारी बलियो बनाउने कार्य | २३,४१६.६७ | २३,४१६.६७ |
| ३.१.१ | सहकारी व्यवस्थापन र लेखाव्यवस्थापन तालिम | १२,०७६.६७ | १२,०७६.६७ |
| ३.१.२ | सहकारीलाई व्यवसाय योजना निर्माण तथा प्रस्तावना तयार सम्बन्धि | ६,३४०.00 | ६,३४०.00 |
| ३.१.३ | विपद पुर्वतयारी (आपतकालिन) कोष निर्माण | ५,000.00 | ५,000.00 |
| ३.२ | समन्वय सहकार्य विकास तथा विस्तारका लागी | १,८७५.00 | १,८७५.00 |
| ३.३ | कर्मचारीलाई लाई तालिम तथा गोष्ठि | ६,४५0.00 | ६,४५0.00 |
| ३.४ | | १२६00.00 | १२,६00.00 |
| ३.५ | पहिचान तथा संचारका क्रियाकलाप | ६,५00.00 | |
| ३.३.१ | होडिङ्ग बोड निर्माण | ६,५00.00 | |
| ४ | साझेदार संस्था | – | ५,000.00 |
| ४.१.१ | यातायात खर्च | – | ५,000.00 |
| ४.१.१ A | मुल्याङ्कन तथा सुपरिवेक्षणका लागी यातायात खर्च | – | ५,000.00 |
| V | सिचाईका सामाग्रीको लागी खर्च | | ५,000.00 |
| A | **जम्मा** | १३७,२३०.२१ | १५०,९१३.४६ |